२०८२/५/१३ आ.व.०८२।८३

# वैठक नं २

समयः बिहान ८:०० बजे

मितिः२०८२/५/१३

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशिल वमोजिमका कार्यापालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | कमला | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | भगवती | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

**अन्य उपस्थितीहरू**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि [illegible] | प्रशासकीय अधिकृत | |
| २ | | | |
| ३ | | | |
| ४ | सावित्रा पाण्डे भण्डारी | अ.स. | |

मिति २०८२/०५/१३ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु वैठक नं २

समयः- बिहान ८:०० बजे

**प्रस्तावनाहरुः**

| क्र.स. | कार्यसूचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यन्वयन समिक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २. | प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ३. | शिक्षा समितिका बैठकका निर्णय सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| ४. | आलु पकेट क्षेत्र निर्धारण सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| ५. | लसुन खेती वडा नं ३ को लागि क्षेत्र निर्धारण सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| ६. | कवाडी मालसामानको ठेक्का न्यूनतम रकम तोक्ने सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| ७. | आर्थिक सहयोग सम्बन्धमा। | अध्यक्ष ज्यू मार्फत् | |
| ८ | विविध | | |

**निर्णयहरुः**

१. छत्रकोट गाउँपालिका गाउँकार्यपालिका मिति २०८२ स्रावण ३१ गते बसेको बैठकको निर्णय कार्यन्वयनको अवस्था बारेमा समिक्षा गरियो, निर्णय कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

२. यस छत्रकोट गाउँपालिकाको कार्यालय,वडा कार्यलय तर्फ,प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी तर्फ रिक्त रहेका दरवन्दीहरुका तपसिल बमोजिमका पदमा स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा लेखि पठाउने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | पदको नाम | तह | सेवा,समूह,उपसमूह | रिक्त भई माग गरिएको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रशासकीय अधिकृत | ७ औं | स्थानीय प्रशासन/सा.प्र. | १ | |
| २. | बरिष्ठ प्रशासन सहायक | ५औं | स्थानीय प्रशासन/सा.प्र. | ३ | चौथो तहवाट पाँचौ तहमा तहवृद्धि भएका १ जना कर्मचारीको दरवन्दी गणना नगरिएको |
| ३ | सब-इन्जिनियर | ५औं | स्थानीय इन्जि./सिभिल | २ | अ.सब इन्जिनियरबाट तह वृद्धि भई सब-इन्जिनियर भएका १ जनाको दरवन्दी गणना नगरिएको |
| ४ | अ.सब-इन्जिनियर | ४औं | स्थानीय इन्जि./सिभिल | २ | अ.सब इन्जिनियरबाट तहवृद्धि भई सब-इन्जिनियर भएको १ जनाको दरवन्दी गणना गरिएको |

मिति २०८२/०५/१३ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु वैठक नं २
समयः- बिहान ८:०० बजे

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | प्रशासन सहायक | ४औं | स्थानीय प्रशासन/सा.प्र | ३ | चौथो तहवाट पाँचौ तहमा तहवृद्धि भएका १ जना कर्मचारीको दरवन्दी गणना गरिएको |
| ६ | कृषि विकास अधिकृत | ७ औं | स्थानीय कृषि/कृषि प्रसार | १ | |
| ७ | कृषि प्राविधिक | ५औं | स्थानीय कृषि/कृषि प्रसार | १ | |
| ९ | पशु चिकित्सक | ७ औं | स्थानीय कृषि/भेटेरिनरी | १ | |
| १० | मेडिकल अधिकृत | ८ औं | स्थानीय स्वास्थ्य/ज.मे.स. | १ | |
| ११ | हे.अ. | ५औं | स्थानीय स्वास्थ्य/हे.ई. | ३ | |
| १२ | स्टाफ नर्स | ५औं | स्थानीय स्वास्थ्य/ज.न. | १ | |
| १३ | स्टाफ नर्स | ५औं | स्थानीय स्वास्थ्य/क.न. | १ | |
| १४ | अ.हे.व. | ४ औं | स्थानीय स्वास्थ्य/हे.ई | १ | |
| १५ | अ.न.मी. | ४ औं | स्थानीय स्वास्थ्य/क.न. | २ | |

३. मिति २०८२।०५।१३ गतेको शिक्षा समितिको निर्णयलाई सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

४. लसुन खेती कार्यक्रम वडा नं ३ कार्यान्वयनको लागि छत्रकोट गाउँपालिका वडा नं ३ को हुँगी र छाप क्षेत्रलाई छनौट गर्ने निर्णय गरियो।

५.कवाडि माल सामानको लागि कवाडी आय ठेक्का व्यवस्थापको लागि न्यूनतम शुल्क रु १,००,०००।—(अक्षरेपि रु एक लाख मात्र) निर्धारण गरि आय ठेक्का आह्वान गर्ने निर्णय गरियो।

६.१ छत्रकोट गाउँपालिका वडा नं १ स्थायी निवासी(हाल बुडानिलकण्ठ) श्री माधव प्रसाद न्यौपाने ज्यूले छत्रकोट गाउँपालिका भित्र **"Socio- Economic Impacts on the Livelihood of Migrant's Families: A Mixed Method Study of Foreign Labour Migration in Nepal"** सम्बन्धी पि.एच.डी. अनुसन्धानका लागि शोध प्रस्ताव तयार गरी अध्ययन गर्न गैरहेको र सोको लागि विशेष सहयोग उपलब्ध गराइदिन निवेदन पेश गर्नुभएको हुँदा उक्त खोज मूलक अध्ययनबाट प्राप्त तथ्य तथ्याङ्क तथा प्रतिवेदनले छत्रकोट गाउँपालिकाको दिर्घकालिन नीति, योजना निर्माण र विकासका कार्यक्रम संचालन गर्न सहयोग पुग्ने भएकोले निजलाई उक्त अध्ययन कार्यका लागि रु १,५०,०००।—(रु एक लाख पचास हजार मात्र) सहयोग गर्ने निर्णय गरियो। साथै उक्त स्वीकृत रकम मध्ये तत्काल रु ५०,०००।—(पचास हजार मात्र) र बाँकी रकम प्रगति प्रतिवेदनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो।

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत
२०८२/५/१३

मिति २०८२/०५/१३ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु वैठक नं २
समयः- बिहान ८: ०० बजे

६.२ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान(NAST) अन्तर्गतको अन्तरिक्ष अनुसन्धान केन्द्रमा अनुसन्धान सहायकका रुपमा कार्यरत छत्रकोट गाउंपालिका वडा नं ४ स्थायी निवासी श्री दामोदर पोखरेल **International Deep Space Exploration Association(IDEA),China** द्वारा आयोजित **"3rd International Deep Space Exploration Conference(Tiandu Forum 2025)** मा सहभागी हुन जानको लागि सहयोग माग गर्नुभएकोले ५०,०००।—(अक्षरेपी रु पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।